नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरूको सन्दर्भमा गृह मन्त्रालयका अनुसार क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चितता र नियम पालनाका लागि जेठ २० गते ११९ स्थानमा र अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन १९१ स्थानमा अनुगमन गरिएको छ। अनुगमनको क्रममा उक्त दिन देशभरमा ११,१७३ अक्सिजन सिलिण्डर मौज्दात रहेको पाईएको छ। निषेधको आदेश उलङ्घन गर्ने १,६९५ सवारीसाधनलाई कारवाही गरिएको छ। जेठ २० गतेका दिन देशभरका विभिन्न सीमानाकाहरूबाट २,६१२ जना नेपाली नागरिकहरूले नेपाल प्रवेश गरेका छन्।

परराष्ट्र मन्त्रालयका अनुसार अमेरिकी सरकारले कोभिड-१९ नियन्त्रणका लागि विभिन्न मुलुकहरूलाई खोप उपलब्ध गराउने जानकारीका साथै उक्त खोप जुन महिना भित्रै नेपालले पनि प्राप्त गर्ने सुखद समाचार छ। जापान सरकारले प्रदान गरेको १६० थान अक्सिजन जेनेरेटर ३ जुनमा हस्तान्तरण गरेको छ। गणतन्त्र कोरियाले नेपाललाई उपलब्ध गराउने २ लाख अमेरिकी डलर बराबरको १७,७६० आर.टी.-पि.सि.आर. टेष्ट किट आज हस्तान्तरण गर्ने भएको छ। अष्ट्रेलिया सरकारले उपलब्ध गराउने १८,१०,३८३ अष्ट्रेलियन डलर बराबरका सहायता सामग्रीहरू लिई अष्ट्रेलियन डिफेन्स फोर्सको जहाज ५ जुनमा नेपाल आउने भएकोछ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि ५४,३८,४०१ थान मेडिकल उपकरणहरु, ४,८०० एम.टी.क्यू. अक्सिजन, ८३० भायल्स कोभिड-१९ भ्याक्सिन, ५६८ के.जी. कोभिड-१९ टेस्ट किट तथा १२,८४३ के.जी. स्यानिटाईजर लगायतका औषधीहरू पैठारी भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगञ्ज र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले ६५ आन्तरिक उडान भरी जम्मा १४९ यात्रुको उद्धार गरिएको र कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या १९ रहेको जनाइएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार वाणिज्य, आपूर्ति तथा संरक्षण विभागबाट उपत्यकामा २ वटा टोली परिचालन गरी औषधी पसलहरूको अनुगमन भएको छ। अनुगमनको क्रममा २ वटा पसललाई १० हजारको दरले जरिबाना गरिएको छ। जेठ २० गते उपत्यकाका १० वटा र उपत्यका बाहिरका १९ वटा अक्सिजन उद्योगहरूबाट क्रमसः ५,४३५ र ८,२२९ गरी जम्मा १३,६६४ सिलिण्डर भरी अस्पतालहरूलाई उपलब्ध गराइएको जानकारी प्राप्त भएको छ।

मिति २०७८ जेठ २१

किरणराज शर्मा
प्रवक्ता

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np